नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या: २०८१।०८२

चलानी नं.: ६४

मितिः २०८१।०५।१७

विषयः समन्वय तथा सिफारिस सम्बन्धमा ।

श्री गाउँपालिका (सबै),
श्री नगरपालिका (सबै) ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च. नं. ९७१, मिति २०८१।०५।१७ को यस मन्त्रालयलाई प्राप्त समन्वय तथा सिफारिस गरिदिने सम्बन्धको पत्र संलग्न छ । सो सम्बन्धमा **प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र सञ्चालन सम्बन्धि कार्यविधि, २०७८** तथा **प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार वा अनुदान सहयोग रकम वितरण मापदण्ड, २०८१** अनुसार मिति २०८१।०५।२४ गते भित्र माग भए बमोजिमको विवरण देहायको इमेलमा पठाउनुहुन निर्णयानुसार अनुरोध छ ।

विवरण पठाउने इमेल ठेगानाः
talent.award@opmcm.gov.np
pmtalent@award81@gmail.com

५।१७
(दीपेश कट्टेल)
शाखा अधिकृत

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार ।
श्री सूचना तथा प्रविधि शाखाः Website मा Upload तथा E-mail मार्फत जानकारी गराईदिनु हुन ।

सिंहदरबार, काठमाडौं फोन नं. ०१-४२००५११/०१-४२००३०४
E-mail: cmmofald@gmail.com/local.level.coordination@mofaga.gov.np Website: www.mofaga.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(सामाजिक तथा भौतिक पूर्वाधार विकास महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्या: ०८१/०८२
चलानी नं.: ९७१

मिति: २०८१/०५/१७

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

विषय: समन्वय तथा सिफारिस

उपर्युक्त सम्बन्धमा प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार यस वर्ष असोज १ गते वितरण गरिने व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु। उक्त पुरस्कार वितरणको लागि १० दिनको समय दिई मिति २०८१/०५/१४ गतेको गोरखापत्र र कान्तिपुर दैनिकमा सूचना प्रकाशन गरी निवेदन माग गरिएको छ। प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र संचालन सम्बन्धी कार्यविधि, २०७८ तथा प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार वा अनुदान सहयोग रकम वितरण मापदण्ड, २०८१ बमोजिम मुलुकमा शान्ति *सुशासन नवप्रवर्तन वैज्ञानिक खोज अनुसन्धान तथा अन्वेषणको क्षेत्रमा उल्लेख्य योगदान पुर्‍याउने प्रतिभाशाली बालबालिका युवा तथा अन्य व्यक्तिहरु मध्येबाट उत्कृष्टहरुलाई सिफारिस गर्नुपर्ने व्यवस्था छ।* उक्त व्यवस्था अनुसार प्रत्येक स्थानीय तहबाट पुरस्कार वा अनुदान उपलब्ध गराउन २/२ जनाको नाम सिफारिस गरी मिति २०८१/०५/२४ गते भित्र यस कार्यालयको देहायको इमेलमा पठाई दिने कार्यको लागि समन्वय गरिदिनुहुन निर्णयानुसार अनुरोध छ। साथै कार्यविधि, मापदण्ड तथा सूचना प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको वेभसाईट: www.opmcm.gov.np मा रहेको व्यहोरा समेत अनुरोध छ।

सिफारिस पेस गर्ने ठेगाना

Email: talent.award@opmcm.gov.np वा pmtalent.award81@gmail.com

(मुक्तिराम अर्याल)
उपसचिव